


त्रैमासिक पत्रिका छाल वर्ष – ३ अङ्क – १ श्रावण

# सम्पादकीय

## सरकारले अनौपचारिक/असङ्गठित क्षेत्रको विकासमा ध्यान दिनु किन आवश्यक छ?

नेपाली अर्थतन्त्रको मेरूदण्ड अनौपचारिक क्षेत्र नै हो भन्दा अतियुक्ति नहोला। तर यो क्षेत्रले अर्थतन्त्रमा गरेको योगदानको कदर भने हुनसकेको छैन। यही कारणले अनौपचारिक क्षेत्रको सम्भावनालाई राम्ररी सदुपयोग गर्न पनि सकिएको छैन। अनौपचारिक अर्थतन्त्र मापन गर्न गाऱ्हो छ किनभने यसभित्रका गतिविधिहरू प्रत्यक्षरूपमा अवलोकन र मापन गर्न सकिने कुनै पनि किसिमको प्रणालीको विकास गरिएको छैन, विशेषगरी नेपालको सन्दर्भमा। यद्यपि आवश्यकताको आधारमा बेला-बेलामा विभिन्न सङ्घसंस्था तथा विश्वविद्यालयहरूले यसबारेमा अध्ययन अनुसन्धान भने गरेको पाइन्छ।

नेपालमा अनौपचारिक अर्थतन्त्रको आकार कुल गार्हस्थ उत्पादनको करिब ४२ प्रतिशतको हाराहारीमा पुगेको तथ्य त्रिभुवन विश्वविद्यालयअन्तर्गत अर्थशास्त्र केन्द्रीय विभागले गरेको एक अध्ययनले देखाएको छ। करिब ४२ प्रतिशतको हाराहारीमा रहेको यो वृहत अनौपचारिक अर्थतन्त्र भनेको के हो त भन्नेबारेमा चर्चा गरौं।

अनौपचारिक अर्थतन्त्र भनेको कुनै पनि हिसाबले सरकारसँग नजोडिएको अर्थतन्त्रलाई बुझिन्छ। नजोडिएको भन्नाले व्यक्तिगत लेखा नम्बरबाट होस् वा कुनै पनि प्रकारको दर्ताबाट होस् या त कुनै पनि किसिमको कर तिर्ने विधिबाट होस्, यी कुनै पनि माध्यमबाट नजोडिएको भन्ने बुझ्नुपर्दछ। अर्थात अनौपचारिक अर्थतन्त्रमा बजार मूल्य भएका तर औपचारिकरूपमा दर्ता नभएका गतिविधिहरू समावेश भएका हुन्छन्। अनौपचारिक अर्थतन्त्र जति फैलियो त्यति नै सरकार आफ्ना जनता/नागरिकसँग कनेक्ट/सम्बन्धित हुनसक्दैन। यसरी सरकारको आफ्ना जनता/नागरिकसँग सम्बन्ध बन्न नसक्दा दुवै पक्षलाई बेफाइदा हुन्छ। राज्यका कुनै पनि निकायमा दर्ता नभएको कारण यस्तो श्रमको अर्थतन्त्र लेखापद्धतिमा देखिदैंन जसलेगर्दा यथार्थ तथ्याङ्कहरूको अभाव हुन्छ। यस्तो अर्थतन्त्रबाट सरकारलाई राजस्व प्राप्त हुँदैन। यसरी पर्याप्त कर सङ्कलन गर्न नसक्दा देश समृद्ध बन्न सक्दैन। अर्कोतिर, अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरू राज्यको सेवा सुविधाबाट वञ्चित हुन्छन्। उनीहरूले सामाजिक सुरक्षाको लाभ पनि पाएका हुँदैनन् भने

Tarangini foundation

शोषण, दमन, अन्यायमा पर्ने जोखिम बढी हुन्छ । पारिश्रमिकमा शोषण हुने सम्भावना हुन्छ भने उनीहरूको ऋणमा पहुँच कम हुन्छ। यस्ता विविध कारणले गर्दा यो क्षेत्रका श्रमिकहरू गरिब हुने सम्भावना बढी हुन्छ।

नेपालमा अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकमध्ये अधिकांश महिलाहरू छन्। आफ्नो घरको कामसँगै अरूको घरमा काम गर्ने घरेलु श्रमिक हुन् वा दिनभरी आफ्नो खेतबारीमा काम गर्ने कृषक । अर्काको खेतबारीमा ज्यालामा काम गर्ने कृषक हुन् वा घर, सडक, पुल पुलेसा बनाउने ठाउँमा काम गर्ने श्रमिक। मनोरञ्जन तथा सत्कार क्षेत्रमा १२ घण्टासम्म काम गर्ने श्रमिक हुन् वा आफ्नो इच्छाअनुसारको आंशिक घण्टा काम गर्ने यौन श्रमिक । यी सबै क्षेत्रमा अधिकांश महिलाहरूको संलग्नता रहेको पाइन्छ। यी सबै महिलाहरूले आयमूलक काम गरिरहेका छन् र नेपालको अर्थतन्त्रमा अदृष्यरूपमा योगदान गरिरहेका छन् । यसले नेपालको आर्थिक र सामाजिक विकासमा ठुलो टेवा पुगेको छ।

यस कुरालाई मध्येनजर गर्दै नेपाल सरकारले आफू र आफ्ना जनतालाई समृद्ध बनाउन साथै विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हस्ताक्षरहरूलाई सम्बोधन गर्नु पनि अनौपचारिक/असङ्गठित क्षेत्रको विकासमा ध्यान दिनु आवश्यक छ।

## मेरो श्रम पनि श्रम हो


लक्ष्मी खत्री-घरेलु श्रमिक

कटारी नगरपालिका स्थायी घर भएकी लक्ष्मी खत्री अहिले ३२ वर्षकी हुनुभयो। उहाँ विवाहित हुनुहुन्छ । उहाँका एक जना छोरा र एक जना छोरी छन् । पाँच कक्षासम्मको औपचारिक अध्ययन गरेकी लक्ष्मी खत्री हाल कागेश्वरी मनोहरामा अस्थायी बसोबास गर्नुहुन्छ । उहाँ विगत ३ वर्षदेखि घरेलु श्रमिकको रूपमा काम गर्दै आइरहनुभएको छ। उहाँ आफ्नो पेसाकोबारेमा भन्नुहुन्छ-"म घरेलु श्रमिक हुँ। मैले काम गर्न थालेको ३ वर्ष भयो। यो काममा म आफै आएको हैन । साथीमार्फत नै आएकी हुँ। सुरूमा आफूलाई यो काम गर्न मन नलागे पनि पछि बानी पऱ्यो। परिवार र घर चलाउन गरेको काम हो भन्ने मेरो परिवारमा सबैलाई थाहा छ। यो भन्दा राम्रो काम पायो भने अरू नै काम गर्नु भनेर श्रीमान्ले भन्नुहुन्छ। श्रीमान्को कमाइले मात्रै घर चल्दैन । २ जना छोराछोरीलाई पढाउन, लालनपालन गर्नैपर्छ। छोराछोरी पाल्न पनि यो काम गरेकी हुँ। त्यसैले परिवारले केही भन्दैनन्। छोराछोरी पनि सानै छन्। उनीहरूले त के भन्छन् र झन्?"

श्रम ऐन, श्रमिकहरूको अधिकारको लागि बनेको ऐन हो भन्ने थाहा छ लक्ष्मी खत्रीलाई। भन्नुहुन्छ-"१७ हजार ५०० चाहीँ हामीले काम गर्दा पाउँनुपर्छ भन्ने सुनेकी छु। तर सबैजनाले यति धेरै कहाँ दिन्छन् र? हामीले काम गर्ने ठाउँमा त अरू ठाउँमा जस्तो सुविधा छैन। बिमा पनि छैन, परिचय पत्र पनि छैन। सम्झौता पत्र त कहिले हुन्छ हुन्छ? काम गर्ने ठाउँ सधैं असुरक्षित हुन्छ । लिखित रूपमा कुनै किसिमको सम्झौता नभएकोले गर्दा मन परेको बेला काममा आइज भन्छन्, मन परेन भने निकालिदिन्छन्। हाम्रो कामको टुङ्गो हुँदैन।"

"काम दिनेहरूले पनि हामीलाई खासै सम्मान गर्दैनन्। अस्ति भर्खैर मात्रै काम गर्दा मार्बलले मेरो हातको औंला काट्यो। मैले आत्तिएर घरबेटीलाई सुनाएको "आँखा हेरेर काम गर्नु पर्दैन भनेर रूखो स्वरमा भनें। सान्त्वना देलान् भनेको झनै गाली गरे। आफूलाई चोट लागेको बेला यस्तो व्यवहार गर्दा चित्त दुख्दो रहेछ। हामी पनि मान्छे हौं नि तर कस्तो अर्कै प्रकारको व्यवहार हुने के हाम्रो समाजमा। हाम्रो काम पनि काम हो नि, तर मान्छेले यसलाई नराम्रो नजरले हेर्ने गर्छन्। त्यसैले अब हामी सङ्गठित भएका छौं। हाम्रो पनि काम, काम हो भन्ने आवाज उठाउँछौं"- भन्नुहुन्छ लक्ष्मी खत्री।

निर्मला काफ्ले. काभ्रे

## साहित्यिक स्तम्भ



कविता

## यसपाली नि मेरो नाम हरायो रे

सधैं हराउन जानेको मेरो नाम
फेरि यसपाली पनि हरायो रे
खोज्न जानै लागेको थिएँ
आकाशमा बादलले चाँद हरायो
त्यसैले त यसपाली पनि मरो नाम हरायो रे

बिहानै सुनेको थिएँ,
आज बनमा बाघ करायो रे
कसैलाई फोन गरी बोलायो रे
कसैलाई मोल गरी बोलायो रे
कसैलाई तौल गरी बोलायो रे
यो कुनैमा पनि परिन म
त्यसैले त यसपाली मेरो नाम हरायो रे

कसैलाई लोभ देखाएर भन्यो रे
कसैलाई तोप देखाएर भन्यो
कसैलाई नोट देखायो रे
यो कुनैसँग मिलिनँ म
त्यसैले त यसपाली मेरो नाम हरायो रे

कहिले छोरी भनेर सम्झायो रे
कहिले बुहारी भनेर सम्झायो रे
कहिले आमा भनी सम्झायो रे
तर मैले मेरो नाम सोधें
त्यसैले त यसपाली मेरो नाम हरायो रे

अब त म पनि ठुलो भएँ
मलाई कसैको भोट लिनु छैन
अनि कसैको नोट लिनु छैन
मलाई कसैको पनि पसिना खानु छैन
मलाई पहिचान चाहिएको छ
त्यसैले कृषक परिचय मागें
अनि त यसपाली पनि मेरो नाम हरायो रे

रेणुका पराजुली

## महिला

किन महिला-महिलाबीच सम्बन्ध छुट्दैछ
सायद एकअर्काको कुराहरू बुझ्ने गरौं
महिला छैन, घरबार नै छैन
खानपिनको टुङ्गो छैन
महिला छैन, संसार नै छैन



Tarangini foundation

आमा चन्द्रकला लुइटेल र बुवा शिवप्रसाद लुइटेलका ६ सन्तानमध्ये चौथो सन्तानकारुपमा २०३३ साल फाल्गुण महिनाको ११ गतेका दिन जिल्ला तेह्रथुम साविक ह्वाकु-१ हाल आठराई गाउँपालिका वडा नं.-३ मा आफ्नै घरमा भिमा लुइटेलको जन्म भएको थियो । साधारण परिवार भए पनि खान लाउनको दुःख थिएन । आफ्नै जमिनको आम्दानीले खान, लाउन र शिक्षा आर्जनमा लगानी गर्नसमेत प्रसस्त पुग्ने थियो । उहाँको बाल्यकाल राम्रोसँग बित्यो। ३ वर्षको कलिलो उमेरमै दिदीहरुसँग पछि लागेर विद्यालय जान थालेकी भिमा लुइटेललाई कहिलेकाहीं घर नजिकैका हुलाकी दाइले माया गरेर बोकेर विद्यालय लैजाने गर्नुहुन्थ्यो । ५ वर्षको उमेरमा श्री लक्ष्मी प्रा.वि ह्वाकुमा भर्ना हुनुभयो र औपचारिक अध्ययनको सुरुवात गर्नुभयो । काठको पाटीमा माटोको धुलो र बाँसको कलमले लेखे र पढेको उहाँ अहिले पनि सम्झनुहुन्छ । कक्षा ३ सम्मको अध्ययन पूरा गरेपछि भने उहाँले अलिक परको विद्यालय श्री सरस्वती निम्न माध्यामिक विद्यालयमा पढ्नुभयो । सोही विद्यालयबाट नै भिमा लुइटेलले विक्रम सम्वत् २०४९ सालमा एसएलसी पनि उत्तीर्ण गर्नुभयो ।

यो समयसम्म आइपुग्दा उमेरसँगै घरको जिम्मेवारी पनि थपिंदै गएको थियो । बिहान उठेर जङ्गल जाने घाँस दाउरा ल्याउने, घरमा आमा बुवालाई काममा सहयोग गर्ने, ढिकीजाँतो गर्ने गर्नुहुन्थ्यो । बेलुका घरको सबै काम भान्छा, ढिकीजाँतो सकेपछि मात्रै गृहकार्य गर्न किताब पल्टाउने समय पाउनुहुन्थ्यो । कुनैबेला बेलुका काम सकिएन भने बिहान ३ बजे तिर आमाले आफूसँग उठाएर काम गराउनुहुन्थ्यो । "अहिलेका बच्चालेजस्तो सजिलै कहाँ पढ्न पाइयो र? यसरी घरको काम सघाउँदै एसएलसी सकियो"-भिमा यसरी विगत सम्झनुहुन्छ ।

एसएलसीपछि उच्चशिक्षा अध्ययन गर्न घर छोडेर तेह्रथुमको चौहान डाँडामा रहेको क्याम्पसमा भर्ना हुनुभयो । खर्चको अभाव उस्तै थियो । आमाबुवाले दिनुभएको पैसाले सबै खर्च धान्न सकेन । त्यसकारण काम गर्दै खर्च जुटाउनका लागि पाँचथरको सदरमुकाम फिदीम गएर नुन खरिद गरी १८ घण्टाको लामो बाटो तय गर्दै ताप्लेजुङको हाटबजारमा बेच्न पुग्नुहुन्थ्यो । कहिले नुन त कहिले चामलका बोराहरू बेच्नुहुन्थ्यो । यसबाट पाएको डबल नाफाले पढाइ र आफ्नो व्यक्तिगत खर्च जुट्थ्यो भिमा लुइटेलको ।

कलेज पढ्दै गर्दा राजनीतितिर पनि लाग्नु भयो । एमाले अन्तर्गतको अनेरास्ववियूमा आबद्ध उहाँको राजनीति गर्ने सिलसिलामै तेह्रथुम सिर्जुङ्गको लक्ष्मी लिम्बुसँग प्रेम बस्यो । आइए दोस्रो वर्षमा अध्ययन गर्दागर्दै उहाँले प्रेमविवाह गर्नुभयो । श्रीमान् वैदेशिक रोजगारीमा मलेसिया भए पनि विवाहपछि आर्थिक सङ्कट बढ्दै गयो । छोरी पनि जन्मिन्, आफू र छोरीको खर्च धान्न उहाँले ढाका बुन्ने तालिम लिएर ढाका बुन्न थाल्नुभयो । ढाका बुन्ने व्यवसायबाट पनि घाटा भएपछि पार्टीको सहयोगमा काठमाडौं आउनुभयो । काठमाडौं विश्व भाषा कलेजमा जर्मन भाषा सिक्दै काम गर्नथाल्नुभयो । तर जे गर्दा पनि आर्थिक समस्या दूर नभएपछि छोरीलाई फुपुको साथमा छोडेर घरेलु श्रमिककारूपमा इजरायल जानुभयो ।

विदेशमा कमाएको पैसा श्रीमान्लाई पठाउनुहुन्थ्यो । छोरीलाई धरानमा होस्टल राखेर पढाउन थाल्नुभयो । वैदेशिक रोजगारीको जीवन राम्रैसँग चलिरहेको थियो । जब भिमा लुइटेलको काम गर्ने सम्झौता अवधि समाप्त भयो, उहाँ घर फर्कने तरखरमा हुनुहुन्थ्यो । तर बिडम्वना उहाँले विदेशमा अर्काको घरमा काम गरेर कमाएर पठाएको पैसा सबै

श्रीमान्‌ले मोज गरेर उडाएको थाहा पाउनुभयो । "पैसा मात्रै उडाएको थिएन उसले त अर्की श्रीमती विवाह गरेर सँगै मलेसिया लगेछ"-भिमा भन्नुहुन्छ ।

यस्तो परिस्थिति थाहा पाएपछि भिमाजीलाई घर फर्कन मन लागेन । उहाँ त्यहीं युएन नामक संस्थासँग समन्वय गरेर काम गर्न थाल्नुभयो । ३/३ महिनाको अन्तरालमा भिसा थप गर्नुपर्थ्यो तर कम्पनी नै बन्द भयो । प्रहरीले छापा मार्यो र उहाँ ४ महिना थुनामा पर्नुभयो । ४ महिना बितेपछि उहाँ नेपाल फर्कनुभयो ।

"नेपाल फर्केपश्चात् कृषि पेसामा संलग्न छु । यसै सिलसिलामा केही मन मिल्ने साथीहरूसँग भेट भएको छ । सबै मिलेर तरङ्गिणी फाउण्डेसनले गठन गरेको  श्रमजीवी कृषक महिला सञ्जालमा सदस्य छु भने अहिले अटो किनेर अटो चलाउन पनि थालेकी छु । यसको अतिरिक्त बिहान-बिहान योगा पनि सिकाउँछु । अहिले राम्रैसँग जीवन चलेको छ । छोरीलाई उच्च शिक्षा अध्ययनका लागि विदेश पठाएकी छु । जीवन सरल तरिकाले चलिरहेको छ र बाँच्नलाई पनि सहज भएको छ"-भन्नुहुन्छ भिमा लुइटेल ।

कृषि पेसा ठिक हो । तर यस क्षेत्रमा लागतअनुसारको मूल्य पाइदैंन । बजार मूल्य कम छ । बिचौलियाको भाउमा सामान दिन बाध्यता हुन्छ कृषकलाई । अझ महिलाको हकमा त झनै गाह्रो छ । महिलालाई कृषक नै मानिदैंन । कृषक परिचय पत्र पनि छैन र सामाजिक सुरक्षाको प्रक्रियामा पनि अटाउन सकिएको छैन भन्ने गुनासो साझा गर्नुहुन्छ भिमा लुइटेल ।

## जानकारी स्तम्भ

### श्रम ऐन, २०७४ मा भएका व्यवस्थाहरू

**काम गर्ने समय –दफा ३०**

रोजगारदाताले श्रमिकलाई प्रतिदिन आठ घण्टा र एक हप्तामा ४८ घण्टाभन्दा बढी समय हुने गरी काममा लगाउन पाइने छैन । रोजगारदाताले कुनै पनि श्रमिकलाई निर्धारण गरेको कार्य समयभन्दा बढी समय काममा लगाउन परेमा प्रतिदिन ४ घण्टा र हप्तामा २४ घण्टाभन्दा बढी नहुने गरी लगाउन सकिनेछ तर त्यस बापत काममा लगाउँदा नियमितरुपमा काम गर्दा पाउने आधारभूत पारिश्रमिकको डेढी पारिश्रमिक दिनुपर्नेछ ।





